# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# लम्कीचुहा नगरपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५२८

मिति: २०७७/०३/२८


विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
लम्कीचुहा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७

च.नं ५२९ मिति: २०७७/३/२८

श्री नगरप्रमूखज्यू,
लम्कीचुहा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.८ करोड ८१ लाख ५६ हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. ३८ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३१ लाख २३ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. २ करोड ७६ लाख ६८ हजार तथा पेश्की बाँकी रु.३ करोड ३५ लाख ६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/११/१५** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तीम प्रतिवेदन पाना ३३ यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

## लम्कीचुहा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय एव उद्देश्यः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

आ.व. २०७५।७६ को एकिकृत आय व्यय  विवरण

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | क)वित्तीय समानीकरण अनुदान (संघ) | १४७४०५५५७।५६ |
| | क) बैंक | | | ख) सशर्त अनुदान | १९९४२२०४३।७५ |
| | अ) संचीत कोष | ३०४३४५०४।२५ | | ग) सामाजिक सुरक्षा | १०२३३३४९७।०० |
| | आ) कर्मचारी कल्याण कोष | १२७२०१६।६८ | | घ) स्थानीय पूर्वाधार विकास साझेदारी | २२८७९९६६।५० |
| | इ) दैवी प्रकोप उद्दार विशेष कोष | ५६०००।०० | | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ७८०८०५३।०० |
| | ई) मर्मत सम्भार कोष | १२९६३१३।३५ | | च) गरीब संग विशेश्वर | २६०००।०० |
| | उ) धरौटी | २७६३७३०।९९ | | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास | १९५२००।०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | | ज) झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १७९९०८६६।०० |
| | क) आन्तरिक श्रोतको आम्दानी | २१११६३८०।२७ | | झ) तराई मधेस समृद्धि कार्यक्रम | ५७५६२६१।०० |
| | ख) विभाज्य कोष खाता | ११५४४३००।०० | | ञ) सडक बोर्ड | ७३००००००।०० |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | | ट) राजस्व बाँडफाँड (संघ) | ९७७८८१८६।०७ |
| | क) वित्तीय समानीकरण अनुदान | १८३४००००००।०० | | **आन्तरिक श्रोत** | ५८३९८८१२।०८ |
| | ख) सशर्त अनुदान | २१८७८५५००।०० | २ | **प्रदेश सरकार** | |
| | ग) सामाजिक सुरक्षा | १०९३३५३३९।०० | ३ | क) वित्तीय समानीकरण अनुदान | ६९७९८२१।०० |
| | घ) स्थानीय पूर्वाधार विकास साझेदारी | २३०००००००।०० | | ख) अनुदान सामाजिक विकास मन्त्रालय | १६६००००।०० |
| | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ८६७२०८५।०० | | ग) समपूरक अनुदान | ६९४७५२५।०० |
| | च) गरीब संग विशेश्वर | २६०००।०० | | घ) विशेष अनुदान | ४२००००००।०० |
| | छ) प्रदेश तथा स्थानीय तह क्षमता विकास | १९५२००।०० | | ङ) राजस्व  बाँडफाँड (प्रदेश) | ५५९२०९७।२३ |
| | ज) झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १९८७४०००।०० | | **अन्य विविध** | |
| | झ) तराई मधेस समृद्धि कार्यक्रम | ६०००००००।०० | ४ | अ) जिल्ला दैवी प्रकोप (राहत) | ८८५०००।०० |
| | ञ) सडक बोर्ड | ७३००००००।०० | | आ) राष्टिय योजना आयोग स्वयंसेवक सेवा कार्यक्रम | १६९८००।०० |
| | ट) राजस्व बाँडफाँड (संघ) | १०५७४०२८७।८८ | | धरौटी फिर्ता | २५७२३१८।०० |
| | ठ) मालपोतबाट प्राप्त (घरजग्गा रजिष्टेशन) | २१९१५७९९।०० | ५ | कोष खर्च | |
| द्ध | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ६ | निकासा फिर्ता (को ले नि का ) | २९६०१२३६।७५ |
| | क) वित्तीय समानीकरण अनुदान | ८३९३०००।०० | ७ | **क) बैंक मौज्दात** | |
| | ख) अनुदान सामाजिक विकास मन्त्रालय | १६६००००।०० | | अ) संचीत कोष | १३२६८१७९।६३ |
| | ग) समपूरक अनुदान | ६९४७५२५।०० | | आ) चालुखर्च खाता | १५६३२५३५।७६ |
| | घ) विशेष अनुदान | ४२००००००।०० | | इ) पुँजीगत खर्च खाता | ३१५६२८७९।३० |
| | ङ) राजस्व  बाँडफाँड (प्रदेश) | ५५९२०९७।२३ | | ई) विभाज्य कोष खाता | ११५४४३००।०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | उ) कर्मचारी कल्याण कोष | १७७२०१६।६८ |
| ६ | **कर्मचारी कल्याण कोषतर्फको आय** | ५००००००।०० | | ऊ) मर्मत सम्भार कोष | १२९६३१३।३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | धरौटी आय | १२२३३४०।०० | | ए) दैवी प्रकोप | ५६०००।०० |
| ८ | अन्य विविध आय | | | ऊ) धरौटी | १४१४७५२।९९ |
| | जिल्ला दैवी प्रकोप (राहत) | १०१००००।०० | | | |
| | राष्ट्रिय योजना आयोग स्वयंसेवक सेवा कार्यक्रम | २०५८००।०० | | | |
| | जम्मा | ८०२४५९२१८।६५ | | जम्मा | ८०२४५९२१८।६५ |

| सि. नं. | भौ.नं.र मिति | विवरण लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|---|
| १. | | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :**<br>**बजेट स्वीकृत :-** स्थानीय सरकार सञ्चलन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्यय -बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन,२०७५ नगर सभाबाट मिति २०७५।३।.२८. गते स्वीकृत भएको छ । नगर सभाबाट नीति तथा कार्यक्रम र बजेट ढिलो गरी पास भएको अवस्थामा नगरपालिकाले विकास निर्माणतर्फ समयमै खरिद व्यवस्थापन गरी कार्य सम्पन्न गर्न समय लाग्ने देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक वर्षको असार १० गते भित्र बजेट पास गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २. | | **अख्तियारी :-** सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगरप्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरसभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मेवार बनाउनु पर्दछ । | |
| ३. | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानियस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । नगरपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य | |

| | | | |
|---|---|---|---|
| | | प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण नगरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । नगरपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ५. | | **लेखाढाँचा :-** सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँलेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भैसकेको अवस्थामा नगरपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| | | **नियमितताको लेखापरीक्षणबाट देखिएको व्यहोराहरु देहायबमोजिम छन्:** | |
| ६. | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । नगरपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७. | | **जिन्सी व्यस्थापन :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने सामान तिन महिना भित्र र लिलाम गर्नुपर्ने सामान छ महिना भित्र लिलाम गर्नुपर्ने व्यवस्था छ । सो अनुसार लिलाम र मर्मत गरेको छैन । | |

८. **एकिकृत जिन्सी अभिलेख नराखेको :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । कार्यालयले १० वटा वडा तथा बिषयगत निकायका बजेटबाट खरीद गरेको मालसामानहरुको मुल अभिलेखमा आम्दानी नगरी भुक्तानी गरेका देखियो ।यसको उदाहरण निम्न छन ।

| भौ नं मिति | बिबरण | रकम |
|---|---|---|
| ४३७/०७५/४/११ | वडा नं ५ ले डेल ल्यापटप केटियम टेर्डर्स बाट ७००००। मा खरीद गरी वडा अध्यक्षले बुझेको | ७००००.०० |
| ९५१/०७६/२/२३ | स्वास्थ्य संयोजक श्री जयन्ती विसीको पेश्की फर्छयौट गर्दा मालिका टेर्डसबाट खरीद कम्युटर मु.अ.कर सममेत रु ४९९९९। कार्यालय समान दराज ,कुर्सि आदि रु ९४८६२। | १४४८६१.०० |
| १२७/०७६/३/२६ | वडा नं १ का लागि स्नेहा टेर्डसबाट खरीदब्रर्दस पिन्टर १ थान वडामा दाखिला गरेको | २९५००.०० |

९. **अबकाश कोषको ब्यबस्था** :- स्थानिय सरकार संचालन ऐन २०७४को दफा ९१ (२) मा स्थानिय तहले दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको तलबको १० प्रतिशत मासिक रुपमा कट्टा गरी सो रकम बराबर थप गरी जम्मा गरी राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले कर्मचारीबाट १० प्रतिशत कट्टा र थप गरी अबकास कोषमा राखेको छैन। नगरपालिकाले यो वर्ष यस कोषकमा एकमुष्ट रुपमा रु.५,००,०००।- जम्मा गरेको छ । गत वर्षको मौज्दात समेत गरी यस कोषमा रु..१७,७२,०१६।- जम्मा गरेको छ । यस कोषको कार्यविधि तथा आय व्यय विवरण समेत तयार गरेको छैन । कोषको कार्यविधि तयार गरी कोषलाई नियमित र व्यवस्थित वनाउनु पर्दछ ।

१०. **दरवन्दी र पदपूर्तिको विवरण :-** नगरपालिकामा स्वीकृत भएको दरवन्दी अनुसार पदपूर्ति भएको हुनुपर्दछ । नगरपालिकामा देहाय बमोजिम दरबन्दि र पदपूर्ति भएको विवरण पेश भएको छः । दरवन्दी र पदपूर्तिको विवरण अनुसार विभिन्न ५९ पद दरबन्दी भएकोमा पद पूति २६ जना भई ३३ रिक्त देखिएकोले सम्बन्धित निकायबाट पदपूर्ति गराई स्थानीय सरकारबाट जनतालाई उपलब्ध हुने सेवा सुविधा चुस्त र दुरुस्त हुनुपर्दछ ।

| क्र.सं | स्वीकृत पद संख्या | पदपूर्ति | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | संघीय सरकाबाट सरुवा | साबिक स्थानीय निकायमा कार्यरत | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्त | | |
| | ५९ | ६ | २० | ० | २६ | ३३ | |

११. **चौमासिक प्रगति विवरण** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत

<table>
<tr><td></td><td></td><td>विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालय चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td></td><td>गुरुयोजना तथा वार्षिक योजना :- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा नियमावली,२०६४ को नियम ७ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतिको आधारमा १० करोड भन्दा बढीको खरिदको हकमा गुरुयोजना र वार्षिक रुपमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नियम ८ मा वार्षिक दश लाख रुपैयाँ भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।  नगरपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरुयोजना तथा खरिद योजना बनाएको छैन । नियमले गरेको व्यवस्था वमोजिम खरिदको गुरुयोजना तयार गर्ने र गुरुयोजनाको आधारमा वार्षिक खरिद योजना तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td></td><td>योजना हस्तान्तरण :- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । साथै योजना हस्तान्तरण सम्वन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति लाई अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था समेत गरेको छैन ।</td><td></td></tr>
<tr><td>१४<br>.</td><td></td><td>कार्यक्रम खाता :-  कार्यालयले कार्यक्रम तथा स्वीकृत वजेट भित्र रही खर्च गर्न सहज होस भन्ने मनसायले तोकिएको ढाँचामा कार्यक्रम खाता राख्नुपर्दछ । वजेटलाई निश्चित दायरा तथा नियन्त्रण भित्र राख्न म.ले.प.फा.नं. ८ अर्थात वजेट सिट मासिक रुपमा तयार गरी प्रमाणित गराई राख्नुपर्दछ । नगरपालिकाले विभिन्न श्रोतवाट भएको खर्च तोकिएको कार्यक्रममा मात्र खर्च भएको छ भने विषयमा विश्वस्त हुनेगरी कार्यक्रम खाता राखेको छैन तथा वजेट सिट समेत तयार गरेको छैन । विभिन्न कार्यक्रम र स-साना निकायमा पटक-पटक खर्च गरिने भएकोले आर्थिक नियन्त्रण र आर्थिक अनुशासन कायम गर्न समेत सार्वजनिक निकायले कार्यक्रम खाता राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td></td><td>स्थानिय संचितकोषमा रकम दाखिला नगरेको :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ अनुसार एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको चालु र पुँजिगत खातामा मौज्दात रहेको  रकम आर्थिक बर्षको अन्तमा नगरँपालिकाको संचित कोषमा जम्मा हुने उल्लेख छ । नगरँपालिकाको निम्न खातामा रहेको अन्तिममौज्दात संचित कोषमा जम्मा गरेको देखिएन । उक्त रकम संचित कोषमा ट्रान्सफर गर्नुपर्दछ ।
<table>
<tr><td>चालु कोाष खाता</td><td>१५६३२५३५.७६</td></tr>
<tr><td>पुँजिगत खाता</td><td>३१५५५२५२ँ७०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td>१६.</td><td></td><td>नगर सभाको पहिचानको कार्यक्रम :- आर्थिक वर्ष २०७५।७६ मा संचालन गर्नेगरी नगर सभाले केही महत्वपूर्ण कार्यक्रम घोषणा गरेको देखिन्छ। वर्गिकृत न्यून आय भएका तथा सिमान्तकृत किसानहरुलाई लक्षित गरी योग्दानमा आधारित “किसान पेन्सन योजना”, नगरका विपन्न र सिमान्तकृत परिवारको पहिचान गरी “गरीव परिचयपत्र” प्रदान गरिने, सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको आचार संहिता (Code of conduct) वनाई लागू गरिने तथा नगरपालिका क्षेत्र भित्रका विद्यालयको समायोजन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने भनेकोमा यो वर्ष उक्त कार्यक्रम शुरु भएको छैन । नगरपालिकाले दीर्घकालिन महत्वका यस्ता कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७.</td><td></td><td>आन्तरिक लेखापरीक्षण :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। नगरपालिकाले यस वर्षको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट गराएको छ । आन्तरिक लेखापरीक्षण सम्बन्धि कानुनको तर्जुमा गरी आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । उपदफा ३ वमोजिम आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियतहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गरेको छैन ।</td><td></td></tr>
<tr><td>१८.</td><td></td><td><u>नगरपालिका -चालु)</u><br>स्थानीय तहका पदाधिकारी सुबिधा :- नेपालको संबिधानको धारा २२७ मा गाँउ सभा तथा नगर सभाका सदस्यले पाउने सुबिधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यबस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यबस्था अनुसार लम्की चुहा नगरपालिकाले देहायबमोजिम रु ६६  लाख ६०. हजार सुबिधा वापत भुक्तानी गरेको छ।
<table>
<tr><th>सि.नं</th><th>पदाधिकारीको नाम</th><th>संख्या</th><th>मासिक तलब</th><th>महिना</th><th>बार्षिक जम्मा</th></tr>
<tr><td>१</td><td>मेयर</td><td>१</td><td>३५०००</td><td>१२</td><td>४२००००.०</td></tr>
<tr><td>२</td><td>उपमेयर</td><td>१</td><td>३००००</td><td>१२</td><td>३६००००</td></tr>
<tr><td>३</td><td>वडा अध्यक्ष</td><td>१०</td><td>२२०००</td><td>१२</td><td>२६४००००</td></tr>
<tr><td>४</td><td>कार्यपालिका सदस्य</td><td>८</td><td>९०००</td><td>१२</td><td>८६४०००</td></tr>
<tr><td>५</td><td>वडा सदस्य</td><td>३३</td><td>६०००</td><td>१२</td><td>२३७६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६६६००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.</td><td></td><td>पदाधिकारी बैठक भत्ता :- सुदुर पश्चिम  प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी  ऐन २०७५ मा १२ महिनाको पारिश्रमिक पाउने व्यवस्था छ । वैठक भत्ताको सम्वन्धमा कुनै कुरा उल्लेख नभएको र नगरपालिकाले देहायअनुसार वैठक भत्ता स्वरुप रु. १८,३६,०००।- भुक्तानी गरेकोले सो खर्च लेख्ने आधार नभएकोले उक्त आधार पेश गर्नुपर्दछ।</td><td>१८३६०००.०<br>०</td></tr>
</table>

| भौ नं र मिति | वडा नं | सदस्य संख्या | पटक | महिना | दर | रकम |
|---|---|---|---|---|---|---|
| | १ | ६ | २ | १२ | १000.00 | १४4000.00 |
| | २ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | ३ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | ४ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | ५ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | ६ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | ७ | ५ | २ | १२ | १000.00 | १२0000.00 |
| | ८ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | ९ | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| | १० | ६ | २ | १२ | १000.00 | १४४000.00 |
| नगरकार्यपालिका | | २१ | २० | | १000.00 | ४२0000.00 |
| | जम्मा | | | | | १८३६000.00 |

२०. | १०-२०७५।१०।१७ | **विल भर्पाई नभएको :-** सूदुर पशिचम प्रदेश सरकारको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न वनेको ऐन,२०७४ को परिच्छेद २ वमोजिम लेखा श्रेस्ता तयार गर्नुपर्दछ । नगरपालिकाले देहायवमोजिमको खर्चमा वील भरपाई सहित लेखा राख्नु पर्नेमा लेखा व्यवस्थित गरी राखेको छैन । कार्यालयले देहायका कारोबारहरुमा बिल भर्पाई बेगर खर्च लेखेकोले असुल गर्नुपर्दछ । | ३८७०५0.00

| भौ नं र मिति | विबरण | रकम |
|---|---|---|
| १०-०७५।५।१७ | नगर प्रमुख सहित ७५ जना जन प्रतिनिधी तथा कर्मचारीहरुलाइ २ दिने राजस्व परामर्श तालिम खर्च रु ३३५००। का.स श्री निराजन बजगाँईलाई पेश्की दिई फर्छयौट गर्दा रकम बुझेको भरपाई रु ९२५०। मात्र देखिएकोले नपुग रकम रु २४२५०। निज संग असुल गरी दाखिला गर्नुपर्दछ । | २४२५0.00 |
| २३८/०७५/८/२६ | मेयर श्री महादेब बजगाँई ०७५।८।१७ २०७५।८।२२ सम्म काठमाडौ भ्रमण गर्दा हवाइजाहाज देखाइ आउने जान रु ९३००। भुक्तानी भएककोमा जहाज चढेको बोडिङ्ग पास पेश नभएकोले प्रमाण पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्दछ । | ९३00.00 |

| | | |
|---|---|---|
| ४८२/०७५/११/१० | कार्यक्रम खर्च पेश्की फर्छ्यौट नम्रता अधिकारी रु ३५२५५। गरेकोमा मेयर श्री महादेव बजगाँइले रकम बुझेको भरपाई पेश गर्नुपर्दछ । | १०००.०० |
| १२५६/०७६/३/२४ | वडा नं ले वाताबरण कार्यक्रम अर्न्तगत एक घर एक लिचीको विरुवा करण नर्सरी उद्योगको बिल नं ७७२ टिकापुर बाट १५०० दर २३५। रु ३५२५००। खरीद गरेकोमा कृषि प्राबिधकबाट लागत अनुमान तयार नभएको र जनतालाइ बुझाएको प्रमाण पेश गर्नुपर्दछ । | ३५२५००.०० |
| | **जम्मा** | ३८७०५०.०० |

२१. **राजस्वको आर्थिक बिरण नबनाएको :-** कार्यालयले गत आर्थिक बर्षमा संघिय कोषमा जम्मा गरेको रकमहरुको विरण तयार गरी राजस्वको आर्थिक बिबरण बनाउनु पर्दछ । कार्यालयले गत बर्ष संघिय संचितको दाखिला गरेको देहायको राजस्वलाई आर्थिक विबरण तयार गरी पेश गरेको छैन ।आर्थिक विबरण तयार पारी पेश गर्नुपर्दछ ।

| भौ नं र मिति | बिबरण | रकम |
|---|---|---|
| १५०/०७५/८/५ | १५१११ बेरुजु खाता दाखिला | ३७५७६७८.१३ |
| १४९/०७५/८/५ | १५१११ बेरुजु खाता दाखिला | २७७८२०६.७० |
| | जम्मा | ६५३५८८४.८३ |

२२. **अनुगमन प्रतिबेदन बेगर भत्ता** :- सूदुर पश्चिम प्रदेश सरकारको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न वनेको ऐन,२०७४ वमोजिम वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार अनुगमन प्रतिबेदन बेगर अनुगमन भक्तानी गरेको देखिएकोले अनुगमन प्रतिबेदन राखेर मात्र भुक्तानी गर्नुपर्दछ । — ३३००००.००

| भौ नं मिति | विबरण | रकम |
|---|---|---|
| १०९/०७५/६/२६ | वडा नं १० का अध्यक्ष समेत ११ जना | १६५०००.०० |
| १०८/०७५/६/२६ | प्रमुख प्रशासकिय अधिकृत समेत जना ८ | १२००००.०० |
| १९९/०७५/८/१२ | नगर प्रमुख समेत जना ३ जना | ४५०००.०० |
| | जम्मा | ३३००००.०० |

२३. **सोझै खरिद** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ वमोजिम रु.२० लाखसम्म लागत अनुमान भएको मालसामान खरिद कार्य सिलवन्दी दरभाउपत्रद्धारा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिका चालु तर्फ २२३११ मसलन्द आवश्यक सामानहरु सिलवन्दी दरभाउपत्रद्धारा खरीद नगरी रु.२०,९९,५०४।- मालसामान पटक पटक गरी सोझै खरीद गरेको नियमसम्मत नदेखिएकोले उक्त रकम नियमित गर्नुपर्दछ । — २०९९५०४.००

२४. **अग्रिम कर घटि कट्टी** :- आयकर ऐन २०५८ को दफा ८७ मा पारीश्रमिक आयमा लाग्ने कर अग्रिम कट्टी गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहायका भुक्तानीमा घटि कर कट्टी गरेको देखिएकोले नपुग कर रु.१,२१,७१६।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१२१७१६.००

| भौ नं र मिति | बिरण | भुक्तानी रकम | लाग्ने कर | कट्टी कर रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| ५१८/०७५११/१९ | अतिरीक्त समय काम गरेको भनि प्र.प्र अधिकृत समेत जना ९ लाइ | ४९४०००.०० | ७४१००.०० | ४९४०.०० | ६९१६०.०० |
| ६९३/०७५/१२/२१ | खरीदार श्री बिरेन्द्र चौधारी ५८ दिनको दर ५००ले खाजा खर्च भुक्तानी | २९०००.०० | ४३५०.०० | २९०.०० | ४०६०.०० |
| ११९२/०७६/३/२० | स्वास्थ्य शाखाका कर्मचारीहरु को खाजा खर्च श्री धर्म सिह बस्याल समेत जना ३ | १६४२५०.०० | २४६३८.०० | १६४२.०० | २२९९६.०० |
| १२५८/०७६/३/२५ | राट्रिय नव जागृत मा.वि हिरापुर का शिक्षक प्रोत्साह भत्ता १४ जना | १२००००.०० | १८०००.०० | ० | १८०००.०० |
| १२३०/०७६/३/२२ | स्वास्थ्य शाखाका कर्मचारीहरुको प्रोत्सहान भुक्तानी सि.ह.हे व श्री करी सिहं भुल | ५००००.०० | ७५००.०० | ० | ७५००.०० |
| | जम्मा | ८५७२५०.०० | १२८५८८.०० | ६८७२.०० | १२१७१६.०० |

- अतिरिक्त समय खर्च लेखेकोमा कुन कर्मचारी कति समय के कामको लागि खटाइएको हो सो को विवरण संलग्न गर्नुपर्दछ ।

२५. **पेश्की बांकी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७६ आषाढ मसान्तमा देहायको उपशिर्षकमा पेश्की बांकी देखाएकोले नियमानुसार समयमानै पेश्की फछ्र्यौट हुनु पर्दछ ।

३३५०५६४५.००

| बजेट उपशिर्षक नं | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| | वडा नं १ बस प्रतिक्षालय निमार्ण उ.स . | १५०००.०० |
| | श्री भिम बहादुर भुल मर्मत पेश्की | ३६५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नगरपालिका पूंजिगत | राष्ट्रिय नमूना मा.वि भवन निमार्ण | ५२००००० .०० | |
| | | नगरपालिका पूंजिगत | एस के.एल निमार्ण सेवा वडा नं ४ स्वास्थ्य भवन निमार्ण | ४०६९७७.०० | |
| | | नगरपालिका पूंजिगत | एस के.एल निमार्ण सेवा वडा नं १ स्वास्थ्य भवन निमार्ण | ५८५८८५.०० | |
| | | नगरपालिका पूंजिगत | एस के.एल निमार्ण सेवा वडा नं ६ स्वास्थ्य भवन निमार्ण | ४१६४६०.०० | |
| | | नगरपालिका पूंजिगत | प्राकृतिक शनिदेब ज.भि  स्वास्थ्य संस्था भवन वडा नं १० निमाण | १५००००.०० | |
| | | नगरपालिका पूंजिगत | प्राकृतिक शनिदेब ज.भि  ५० सैयाको सामुदायिक अस्पताल निमार्ण | ५४००००० .०० | |
| | | नगरपालिका पूंजिगत | श्याम सुन्दर निमार्ण सेवा प्रा.ली न.पा.भवन थप निमार्ण | ६१०००००.०० | |
| | | नगरपालिका पूंजिगत | प्राकृतिक शनिदेब जे.भि. वडा नं१० को ५० सैया सामुदायिक स्वास्थ्य भवन | १२०००००.०० | |
| | | नगरपालिका पूंजिगत | रश्मी विर्ल्डस प्रा.ली वडा भवन १,२,३,४ | २७९८७५९.०० | |
| | | नगरपालिका पूंजिगत | एच वि.कन्स्ट्रक्सन वडा नं १ कालोपत्र निमार्ण | ७७४३००.०० | |
| | | नगरपालिका पूंजिगत | एच वि.कन्स्ट्रक्सन वडा नं ४ कालोपत्र निमार्ण | ५५९४००.०० | |
| | | नगरपालिका पूंजिगत | एच वि.कन्स्ट्रक्सन वडा नं ७ कालोपत्र निमार्ण | ५६७८००.०० | |
| | | नगरपालिका पूंजिगत | रश्मी विर्ल्डस प्रा.ली वडा नं ५ कार्यालय भवन निमार्ण | १६७६०००.०० | |
| | | नगरपालिका पूंजिगत | बिद्युतलाइन कालेपत्रे उपभोक्त समिति | १४४०३०० .०० | |
| | | स्थानिय पुर्वाधार विकास साझेदारी (सासद विकास) | प्राकृतिक शनिदेब ज.भि  अस्पताल निमार्ण | ६१७८२६४.०० | |
| | | | जम्मा | ३३५०५६४५ .०० | |
| २६. | | **आर्थिक सहायता तथा चन्दा पुरस्कार** :- नगरपालिकाले आर्थिक सहायता तथा चन्दा | | | |

<table>
<tr><td></td><td></td><td>पुरस्कार स्वरुप रु.३६,०००।- वितरण गरेको कानुनी आधार देखिएन । कार्यालयले देहाय अनुसारको आर्थिक सहायता भनि रकम बितरण गरेको देखियो । गाउँ सभा बाट निश्चित मापदण्ड तथा कार्यविधि बनाई समानता हुनेगरी वितरण गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>भौ.नं र मिति</th><th>सहायता पाउँनेको नाम</th><th>रकम</th></tr>
<tr><td>११-२०७५।५।४</td><td>वडा नं ४ एक्ल युवा क्लब बलिया</td><td>५०००.०</td></tr>
<tr><td>१२-२०७५।५।४</td><td>वडा नं ३ श्री पदमराज तिमल्सेना</td><td>५०००.००</td></tr>
<tr><td>१४-२०७५।५।५</td><td>वडा नं ५ श्री शारदा थापा</td><td>३०००.००</td></tr>
<tr><td>१८-२०७५।५।५</td><td>सिक्का बाबा श्री रामबहादुर परीयार</td><td>३०००.००</td></tr>
<tr><td>१८-२०७५।५।५</td><td>थारुकल्याण समाज</td><td>२००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.</td><td>१२९०-०७६।३।२७ २४७-०७६।३।२७ (ससर्त तर्फ)</td><td>औषधि खरीद :- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम वमोजिम वीस लाख रुपैयाँ सम्मको लागत अनुमान भएको खरीद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्न सकिने अवस्था छ । नगरपालिकाले यस कार्यक्रम तर्फ आर्थिक वर्षको अन्तमा रु.१२,२२,४९०।- वरावरको औषधि श्री तिवारी मेडिसिन डिस्ट्रीव्यूटर्स संग खरीद गरेको छ । उक्त खरीद गरेको औषधिको कार्यालयमा दाखिला तथा वितरण भएको नदेखिएकोले सो को दाखिला प्रतिवेदन तथा वितरण भर्पाई पेश गर्नुपर्दछ ।</td><td>१२२२४९०.००</td></tr>
<tr><td></td><td></td><td><u>शसर्त पूजिगत तर्फ</u></td><td></td></tr>
<tr><td>२८.</td><td></td><td>कोटेसनवाट कार्य :- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धालाई सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । नगरपालिकाले वडा नं. १ को स्वास्थ्य भवनको कम्पाउण्ड वाल निर्माण गर्न कोटेशन लिई एउटा कामलाई टुक्रा वनाई निम्नानुसारका निर्माण व्यवसायीलाई भुक्तानी दिएको देखिएकोले सार्वजनिक खरिद ऐनको पालना भएको नपाइएकोले नियमको पालिना गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं. /मिति</th><th>निर्माण व्यवसायी</th><th>रकम रु.</th></tr>
<tr><td>६-०७६।३।३१</td><td>एस.के.एल. निर्माण सेवा</td><td>४६८३४५.००</td></tr>
<tr><td>१०-०७६।३।३१</td><td>रेखा निर्माण सेवा</td><td>४६८०००.००</td></tr>
<tr><td></td><td></td><td>९३६३४५</td></tr>
</table>
</td><td>९३६४३५.००</td></tr>
<tr><td>२९.</td><td></td><td>आर्थिक वर्षको अन्तमा सम्झौता :- नगरपालिकाले स्वीकृत कार्यक्रम वमोजिम आर्थिक वर्षको अन्तमा कार्य सम्पन्न गर्नेगरी ठेक्का सम्झौता गर्नुपर्दछ । आर्थिक वर्षको अन्तमा</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>केवल वजेट फ्रिज नगराउने उद्देश्यले मात्र पेश्की दिनुहुदैन । नगरपालिकाले देहाय वमोजिमको कार्यको लागि आर्थिक वर्षको अन्तमा पेश्की दिएको तथा आर्थिक वर्ष भित्र कार्यसम्पन्न नहुने अवस्थामा समेत सम्झौता गरी कार्य गराएको छ । वडा नं. १ का स्वास्थ्य चौकी भवनको निर्माण कार्य गर्न एस.के.एल. निर्माण सेवा संग सम्झौता गरी कार्य गराएको छ । सोही भवनको घेरावाल निर्माण कार्य गर्न सोही व्यवसायीलाई रु.४,६८,३४५।- को सोझै कार्य गर्नेगरी कार्यादेश दिएको छ । एकै प्रकारको निर्माण कार्य सम्भव भएसम्म एउटै प्याकेजवाट गर्न सकिनेमा सो अनुसार नगरी कार्यालयले नियतवसनै टुक्रा टुक्रा पारी कार्य गराएको छ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>कार्य</th><th>पेश्की रकम रु.</th><th>निर्माण व्यवसायी</th></tr>
<tr><td>१-०७६।३।३</td><td>वडा नं.४ को वडास्तरीय कार्यालय भवन</td><td>८,५४,०००।-</td><td>एस.के.एल. निर्माण सेवा</td></tr>
<tr><td>२-०७६।३।३</td><td>वडा नं.६ को स्वास्थ्य भवन</td><td>८,०८,८००।-</td><td>एस.के.एल. निर्माण सेवा</td></tr>
<tr><td>३-०७६।३।३</td><td>वडा नं.१ को वडास्तरीय कार्यालय भवन</td><td>८,५०,६००।-</td><td>एस.के.एल. निर्माण सेवा</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०.</td><td></td><td>विमा गराउनु पर्ने :- सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ११२ मा दश लाख रुपैयाँ भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले नगरपालिकाको पहिलो तला (Ground floor) को लागि रु.२,६३,९८,५६५।- मा कार्यसम्पन्न गर्नेगरी निर्माण व्यवसायी श्याम सुन्दर साव जे.भी. ले मिति २०७४।२।१२ मा सम्झौता गरेको देखिन्छ । निर्माण व्यवसायीले सो भवनको पाँचौ तथा अन्तिम विलवाट provisionsl sum अन्तर्गत insurance तथा अन्य कार्यको रकम भुक्तानी लिएको अवस्थामा नियमावलीले गरेको व्यवस्था वमोजिम सम्झौता गरे पश्चात तुरुन्तै नियमावलीले तोकेको विषयको वीमा गरेको देखिएन । पाँचौ अर्थात अन्तिम विलमा सो कार्य वापत रु.२,६२,०००।- भुक्तानी लिएकोमा सो को कागजात समेत नभएको कारण निज निर्माण व्यवसायीले provisionsl sum मा रहेको आइटमको कार्य गरेको नदेखिएकोले असूल गर्नुपर्दछ ।</td><td>२६२०००.००</td></tr>
<tr><td>३१.</td><td></td><td>सोझै खरीद :- सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको मालसामान खरीद गर्नुपर्दा खुला वोलपत्रको माध्यमद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विभिन्न मितिमा गरी रु. २३,४५,४३१।- वरावरको फर्निचर तथा फिक्चर्स सोझै खरीद गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम कार्यालयको आवश्यकता र वजेट को आधारमा</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा सोझै खरीद गरेको अनियमित रुपमा खरीद कार्य गरेकोले नियमित गराउनु पर्दछ । | २३४५४३१.०० |
| ३२. | | **सवारी साधन खरीद :-** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरीद योजना अनुसार वीस लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरीद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष ३ थान मोटरसाईकल तथा स्कुटर गरी रु. ७,०८,६९८।- वरावरको सवारीसाधन सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरीद नगरी सोझै खरीद गरेकोले उक्त खरीद अनियमित देखिएकोले नियमित रुपमा खरीद गर्नुपर्दछ । | ७०८६९८.०० |
| ३३. | | **परामर्श सेवा :-** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले परामर्श सेवा खरीद गर्नुपर्ने भएमा परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट सो सम्बन्धी आशयपत्र संकलन गर्न कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गर्नुपर्ने, आशयपत्र दाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी परामर्श सेवा दिन सक्ने साधारणतया ३ देखि ६ आशयपत्रदाताको छनौट गरी संक्षिप्त सूची तयार गर्नुपर्दछ । संक्षिप्त सूची तयार भएपछि सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्वन्धी कागजात पठाई तीस दिनको समय दिई निजहरुवाट प्रस्ताव माग्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ७० मा वीस लाख रुपैयाँ भन्दा वढी मूल्यको परामर्श सेवा खरीद गर्न नियमानुसार आशयपत्र माग गर्नुपर्ने, प्रस्ताव सम्बन्धी कागजातमा प्रस्ताव मूल्यांकनको अंकभार, तथा छनौट विधि अपनाई प्रस्तावदाता छनौट गर्न सकिने व्यवस्था गरेको छ । नगरपालिकाले यो वर्ष विभिन्न कार्यको लागि आवश्यकताको पहिचान नगरी रु.३२,६३,०७६।- वरावरको परामर्श सेवा खरीद गर्दा सार्वजनिक खरीद ऐन तथा नियमावलीको प्रक्रिया पूरा नगरी देहाय वमोजिमका पाटी तथा फर्म संग सोझै परामर्शको माध्यमवाट सडक, भवन लगायत अन्य निर्माण कार्यको विस्तृत सर्भे, डिजाइन, DPR तथा मूल्य स्टिमेट लगायतका कार्यहरु सोझै गरी भुक्तानी गरेकोले उक्त कार्यलाई नियमित गराउनुपर्दछ ।<br>आवश्यक नपर्ने स-साना कार्यको लागि समेत सर्भे, डिजाइन गर्न लगाई भुक्तानी समेत गरेको छ । | ३२६३०७६.०० |

| भौ.नं./मिति | परामर्श दाता | कार्य विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|
| १२६-०७५।११।१५ | कठायत इन्जीनियरिङ्ग कन्सलटेन्सी | वडा नं.१-५सम्मको सडक कालोपत्रे कार्यको सर्भे,डिजाइन | ४९६४०९.०० |
| १२७- | टेलफर्ड इन्जीनियरिङ्ग | वडा नं.६-१०सम्मको सडक कालोपत्रे | ४९५९५७.०० |

| | | | |
|---|---|---|---|
| ०७५।११।१५ | कन्सलटेन्सी | कार्यको सर्भे,डिजाइन | |
| १२८-<br>०७५।११।१५ | अग्रिम इन्जीनियरिङ्ग कन्सलटेन्सी | वडा नं.१-५सम्मको वडा कार्यालय भवन निर्माणको विस्तृत अध्ययन | ४९५५००.०० |
| ५८६-<br>०७५।१२।५<br>(चालु न. पा.) | अग्रिम इन्जीनियरिङ्ग कन्सलटेन्सी | नगरपालिकाको भवनको विस्तृत अध्ययन | २९५०००.०० |
| १२६-<br>०७५।११।१५ | हरित इन्जीनियरिङ्ग कन्सलटेन्सी | मोहनलाल सामुदायिक वन क्षेत्र भित्र निर्माण हुने नगर उद्यानको गुरुयोजना निर्माण | ९८१२२५.०० |
| ११२८-<br>०७५।३।१६<br>(चालु न. पा.) | न्यू भिजन इन्जीनियरिङ्ग कन्सल्टेन्सी | नगरपालिका भित्रका विभिन्न योजनाहरुको डिजाइन तथा इस्टीमेट | ४९८९८५.०० |
| | जम्मा | | ३२६३०७६.०० |

| | | | |
|---|---|---|---|
| | | ●उपर्युक्त कार्यको प्रतिवेदन समयमानै प्राप्त गरी कार्यालयमा दर्ता तथा दाखिला गरी अभिलेख व्यवस्थित गरी राखेको छैन । | |
| ३४. | १४८-<br>०७५।११।२४ | **माटो परीक्षण कार्य :-** नगरपालिकाले वडा नं. ४ भल्कामा वहुउद्देश्य सिटी हल निर्माण गर्ने कार्यको लागि सो ठाउँको माटो परीक्षण कार्य गरे वापत RIDARC Darling and Geo-technical Nepal Pvt. Ltd. भैसेपाटी सैवु ललितपुरलाई रु.३,९८,०००।- भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७५।७६ मा सो वहुउद्देश्य सिटी हल निर्माण तर्फ कुनै कार्य नभएको तथा आर्थिक वर्ष २०७६।७७ मा समेत वजेट विनियोजन नभएकोले सो माटो परीक्षण गर्नुको आवश्यकता पुष्टि नभएकोले सो रकम असूल गर्नुपर्दछ । | ३९८०००.०० |
| ३५. | १५७-<br>०७५।११।२७ | **कम्पाउण्ड वाल निर्माणको DPR :-** नगरपालिकाले आफ्नो कार्यालय भवनको पर्खाल घेरावेराको DPR गरे वापत भिजिनरी डिजाइन प्रा.लि. लाई रु.४,९३,८१०।- भुक्तानी गरेको छ । कार्यालय भवनको घेरावारको निर्माण कार्य भैरहेको, तारवार लगायत रु.६७,०५,०००।- को प्रशासनिक भवनको परिधि निर्माणको कार्य भैरहेको अवस्थामा सो परिधि निर्माणको DPR को आवश्यकता पुष्टि हुनसकेको छैन । नगरपालिकाले आवश्यकता ठहर नगरी जे जस्ता स-साना निर्माण कार्यको लागी त्यति नै संख्या वरावर सर्भे प्रतिवेदन तयार गर्ने कार्य लगाई भुक्तानी गरेको छ । DPR गर्नुपर्ने आवश्यकता नभएको अवस्थामा समेत सो कार्य गराई भुक्तानी भएको रकम असूल गरी संचित कोष दाखिला गर्नुपर्दछ । | ४९३८१०.०० |
| ३६. | | **म्याद थप नगरी भुक्तानी :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (३) ( | |

| | | | |
|---|---|---|---|
| | | क१) मा साठी लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको कार्यमा प्रत्येक इकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले नगरपालिकाको प्रशासनिक भवनको परिधि निर्माण कार्यको लागि रु.६७,०५,०००।- को लागत अनुमानमा मिति २०७६।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७५।११।२२ मा उपभोक्ता समिति संग सम्झौता गरेको छ । साठी लाख भन्दा वढीको लागत अनुमान भएको यस कार्यमा नियमावलीले गरेको व्यवस्था वमोजिम प्रत्येक इकाईमा उपभोक्ताले गर्ने योगदानको अंश नखुलाई कार्य सम्झौता भएको छ । म्याद थप नभएको अवस्थामा प्रथम विलवाट रु.४२,८६,८४५।- भुक्तानी भएको यस कार्यको लेखापरीक्षण अवधि २०७६।१०।५ गते सम्म कार्य सम्पन्न भएको छैन । आर्थिक वर्ष २०७६।७७ मा यस कार्यको लागी वजेट व्यवस्था नभएको र निर्माण कार्यको म्याद थप समेत नभएको अवस्थामा निर्माण कार्य अधुरै रहने सम्भावना रहेको तथा लागत अनुमान वमोजिम कतिपय कार्यहरु सम्पन्न हुन बाँकी नै रहेको देखिन्छ । | |
| ३७. | ६३२-०७६।३।३१ | **नगरपालिकाको पार्श्वचित्र :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले वीस लाख भन्दा वढीको खरीद कार्य वोलपत्रको माध्यमवाट खरीद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नगरपालिकाको पार्श्वचित्र निर्माण गर्ने कार्य अभियन्ता नेक्स्ट केस्ट जे.भी. संग मिति २०७५।११।१० मा सम्झौता गरी रु.२४,७४,७००।- को कार्य उक्त नियमावली विपरित सोझै गराएको छ । पार्श्वचित्र निर्माण गर्ने कार्यको आवश्यकता पहिचान गराएको छैन, कार्यपालिका तथा नगर सभाको स्वीकृति लिएको छैन । सार्वजनिक खरीद ऐन तथा नियमावली विपरीत सम्झौता गरी परामर्शदाता संग विना कुनै ग्यारेन्टी रु. १४,८४,८२०।- पेश्की भुक्तानी गरेको छ । आवश्यकताको पहिचान, सार्वजनिक खरीद ऐन तथा नियमावली विपरीत पेश्की तथा भुक्तानी दिएको र आर्थिक वर्ष भित्र कार्य सम्पन्न गरी कार्यालयमा प्रतिवेदन पनि प्राप्त नभएको र सो को दाखिला लगायतको विवरण प्राप्त नभएकोले यस्तो खर्चको औचित्य नभएको असूल गरी स्थानिय संचित कोष दाखिला गर्नुपर्दछ । | २४७४७००.०० |
| ३८. | | **वैठक भत्ता :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले आफ्नो कार्यालयवाट गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयवाट गरिने कार्यहरुमा कम खर्चमा वढी उपलब्धि प्राप्त हुनेगरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालय समय भित्र सम्पादन गर्न सकिने र मिल्ने कार्यहरु कार्यालय समयमा नै सम्पादन गर्नुपर्दछ । केवल खर्च गर्ने मनसायले, कार्यसम्पादन भन्दा खर्चमा वृद्धि हुने प्रकारले कार्य सम्पन्न गर्नुहुँदैन । नगरपालिकाले कन्टीजेन्सीको नाउँमा वैठक भत्ता स्वरुप रु.७,५९,०५०।- खर्च लेखेको छ । केवल वैठक भत्ता भुक्तानी लिने हिसावले मात्र वैठक भत्ता खर्च लेखेको छ । कार्यालयको कर्मचारी मात्र वसेको तथा प्रत्येक पटक एउटा निर्णय मात्र गर्दै देहाय वमोजिम गरिएको वैठक भत्ता खर्चलाई नियमित खर्च मान्न नसकिएकोले सो वैठक भत्ता असूल गरी स्थानिय संचित कोषमा दाखिला गर्नुपर्दछ । | ७५९०५०.०० |

नगरपालिकाले अतिरिक्त समयको कार्य सम्पादनको लागि नगरपालिका चालु तथा पूजिगत तर्फवाट समेत अतिरिक्त समयको भुक्तानी भएको अवस्थामा दोहोरो हुनेगरी सुविधा लिएको देखिन्छ ।

<table>
<tr><th>भौ.नं./मिति</th><th>कर्मचारी</th><th>वैठक सं.</th><th>कर वाहेकको रकम रु.</th></tr>
<tr><td>६३४-०७५।१२।५</td><td>प्रमुख प्रशासकिय अधिकृत श्री दशरथ वुढा</td><td>४३</td><td>३६५५०.००</td></tr>
<tr><td></td><td>शाखा अधिकृत श्री कृष्ण वहादुर खडका</td><td>३६</td><td>३०६००.००</td></tr>
<tr><td></td><td>नायव सूव्वा श्री जनक वहादुर वटाला</td><td>२७</td><td>२२९५०.००</td></tr>
<tr><td></td><td>सहायक महिला विकास निरिक्षक श्री कोकिला शाही</td><td>१९</td><td>१६१५०.००</td></tr>
<tr><td></td><td>कम्प्यूटर अपरेटर श्री विष्णु प्रसाद खनाल</td><td>३३</td><td>२८०५०.००</td></tr>
<tr><td></td><td>सव इन्जीनियर श्री योगेन्द्र मल्ल</td><td>२९</td><td>२४६५०.००</td></tr>
<tr><td></td><td>सव इन्जीनियर श्री नविन पनेरु</td><td>२९</td><td>२४६५०.००</td></tr>
<tr><td></td><td>सव इन्जीनियर श्री संतोष वजगाई</td><td>२०</td><td>१७०००.००</td></tr>
<tr><td></td><td>सोही भौचर नं. वाट भएको खर्चमा देहाय वमोजिमको कर्मचारीको भर्पाई नभएकोले सव इन्जीनियर श्री नविन पनेरुले रकम वुझिएको देखिएकोले सो भत्ता रकम असूल गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th>कर्मचारी</th><th>रकम रु.</th></tr>
<tr><td>लेखा अधिकृत श्री तप्तराज उपाध्याय</td><td>३६,५५०।-</td></tr>
<tr><td>मेकानिकल इन्जीनियर श्री विजय कुमार साह</td><td>३४००।-</td></tr>
</table>
</td><td></td><td>३९९५०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४०५५०.००</td></tr>
</table>

६३८-०७१२।२१

| भौ.नं./मिति | कर्मचारी | वैठक सं. | कर वाहेकको रकम रु. |
|---|---|---|---|
| ६३८-०७६।१२।२१ | प्रमुख प्रशासकिय अधिकृत श्री दशरथ वुढा | ४२ | ३५७००.०० |
| | शाखा अधिकृत श्री कृष्ण वहादुर खडका | ४२ | ३५७००.०० |

| | | | |
|---|---|---|---|
| | लेखा अधिकृत श्री तप्तराज उपाध्याय | २५ | २१२५०.०० |
| | नायव सूव्वा श्री जनक वहादुर वटाला | ३२ | २७२००.०० |
| | सहायक महिला विकास निरिक्षक श्री कोकिला शाही | १२ | १०२००.०० |
| | कम्प्यूटर अपरेटर श्री विष्णु प्रसाद खनाल | ३० | २५५००.०० |
| | सव इन्जीनियर श्री योगेन्द्र मल्ल | २१ | १७८५०.०० |
| | सव इन्जीनियर श्री नविन पनेरु | २१ | १७८५०.०० |
| | खा.पा.सटे. श्री सिता सिंह | ८ | ६८००.०० |
| | जम्मा | | १९८०५०.०० |

| भौ.नं./मिति | कर्मचारी | वैठक सं. | कर वाहेकको रकम रु. |
|---|---|---|---|
| ६७४-०७६।३।३१ | नगर उप प्रमुख श्री टिका थापा | २५ | २१२५०.०० |
| | प्रमुख प्रशासकिय अधिकृत श्री कृष्ण वहादुर खडका | २६ | २२१००.०० |
| | अध्यक्ष वडा नं. श्री लाल वहादुर वोगटी | २६ | २२१००.०० |
| | सदस्य श्री दुर्पता वि.क. | २६ | २२१००.०० |
| | नायव सूव्वा श्री जनक वहादुर वटाला | २६ | २२१००.०० |
| | लेखा सहायक श्री सरोज चौधरी | २६ | २२१००.०० |
| | कम्प्यूटर अपरेटर श्री विष्णु प्रसाद खनाल | २६ | २२१००.०० |
| | सव इन्जीनियर श्री योगेन्द्र मल्ल | ११ | ९३५०.०० |
| | सव इन्जीनियर श्री नविन पनेरु | १५ | १२७५०.०० |
| | स.क.अ. श्री वृख वहादुर रावल | २६ | २२१५०.०० |
| | नगरप्रमुख श्री महादेव वजगाईले रु.२२,१००।- वुझेको भर्पाई नभएकोले ना.सू. श्री जनक वहादुर वटालाले रकम वुझेको देखिएकोले निजवाट असूल गर्नुपर्ने रु. | | २२१००.०० |

<table>
<tr><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td>२२०२००.००</td></tr></table></td><td></td></tr>
<tr><td></td><td></td><td><table>
<tr><td>भौ.नं./मिति</td><td>कर्मचारी</td><td>वैठक सं.</td><td>कर वाहेकको रकम रु.</td></tr>
<tr><td>६३९-०७५।१२।२२</td><td>प्रमुख प्रशासकिय अधिकृत श्री दशरथ वुढा</td><td>२८</td><td>२३८००.००</td></tr>
<tr><td></td><td>शाखा अधिकृत श्री कृष्ण वहादुर खडका</td><td>६</td><td>५१००.००</td></tr>
<tr><td></td><td>नायव सूव्वा श्री जनक वहादुर वटाला</td><td>२८</td><td>२३८००.००</td></tr>
<tr><td></td><td>सूचना प्र.अ. श्री सुरेन्द्र वटाला</td><td>२८</td><td>२३८००.००</td></tr>
<tr><td></td><td>कम्प्यूटर अपरेटर श्री विष्णु प्रसाद खनाल</td><td>२८</td><td>२३८००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१००३००.००</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td>७५९०५०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>६३५-०७५।१२।५</td><td>परामर्श खर्चः- नगरपालिकाले वडा नं. १० को ५० शैयाको अस्पताल निर्माणको वोलपत्र तयार गर्न परामर्श दिएको भनि वि.एण्ड.वि.कन्सल्टीङ्ग सर्भिसेज प्रा.लि. लाई रु.२,२६,०००।- भुक्तानी दिएको छ । के कार्यको लागि परामर्श सेवा लिएको हो सो को प्रतिवेदन लगायत कुनै उपलब्धिमूलक कार्य नदेखिएकोले अनियमित कार्यलाई नियमित गर्नुपर्दछ ।</td><td>२२६०००.००</td></tr>
<tr><td>४०.</td><td>६९०-०७६।३।३१</td><td>परामर्श सेवा खरीदः- नगरपालिकाले नगरपालिकाको विभिन्न वडाहरुको कालोपत्रे गर्ने सडकको DPR गर्न भनि सम्भवी इन्जीनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई रु.४,३४,४८५।- मा कार्य गराएको छ । सोही क्षेत्रमा भौ.नं. १२६ र १२७ वाट क्रमशः कठायत इन्जीनियरिङ्ग कन्सल्टेन्सी र टेलफर्ड कन्सल्टेन्सी प्रा.लि. ले सोही सडकको DPR गर्ने कार्य प्राप्त गरी कार्य भएको अवस्थामा दोहोरो पर्नेगरी गराएको भुक्तानी असूल गरी स्थानिय संचित कोष दाखिला गर्नुपर्दछ ।</td><td>४३४४८५.००</td></tr>
<tr><td>४१.</td><td></td><td>मूल्य अभिवृद्धि कर :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विद्येयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहायबमोजिमको कार्यमा रु.४,५७,३८१।-बराबर मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा उपर्युक्त ऐन बमोजिम कट्टा गरी जम्मा नगरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरेको प्रमाण पेश गर्नपर्दछ ,<table><tr><td>भौ. नं. /मिति</td><td>पाटी</td><td>रकम रु.</td></tr></table></td><td>४५७३८१.००</td></tr>
</table>

| | | |
|---|---|---|
| ४४२-०७६।३।१० | एच.वि. कन्सट्रक्सन | २०३०४८.५० |
| ४४२-०७६।३।१० | एच.वि. कन्सट्रक्सन | २५४७८३.०० |
| | जम्मा | ४५७८३१.५० |

४२. **मोविलाईजेशन पेश्की :-** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरीद सम्झौता पश्चात निर्माण व्यवसायीलाई अग्रिम जमानत लिई खरीद सम्झौताको वीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने, पेश्की दिदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नवढ्ने गरी र वाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले यो वर्ष देहायको कार्यहरु ठेक्का पट्टाको माध्यमवाट कार्य गराउदा ऐनले गरेको व्यवस्था वमोजिम खरीद सम्झौताको २०% पेश्कीको पहिला आधा र वाँकी कार्य प्रगतिको आधारमा दिनुपर्नेमा सवै स्वीकृत पेश्की रकम शुरुमै दिएको छ । साथै पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको वैंङ्क खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेमा सो वमोजिम पनि भुक्तानी भएको छैन । नगरपालिकाले ऐनले गरेको व्यवस्था वमोजिम पेश्की दिने व्यवस्था गर्नुपर्दछ ।

| भौ.नं./मिति | कार्य | ठेक्का रकम रु. | पेश्की रकम रु. |
|---|---|---|---|
| ५५३-०७६।३।२६ | नगरपालिकाको प्रशासनिक भवन | ३,०५,३४,४८६।- | ६१०००००.०० |
| ३५८-०७६।३।२३ | अस्पताल भवन | ६,८०,३०,१२१।- | १३४०३०१२.०० |
| १६-०७६।२।१४ | अस्पताल भवन (स्थानीय पूर्वाधार तर्फ) | | |
| ३३२-०७६।२।१४ | अस्पताल भवन (स्थानीय पूर्वाधार तर्फ) | | |

४२.१ कार्यालयले लागत अनुमान तयार गर्दा Insurance तथा lab test लगायतका provision sum तर्फको आइटमहरु नराखेकोले निर्माण व्यवसायीले सार्वजनिक खरीद ऐन तथा नियमावली विपरित श्रमिक, मेशिन र सामानको विमा तथा lab test नगराई कार्य गर्ने गरेको पाईएको छ । ऐन तथा नियमावलीमा भएको व्यवस्था वमोजिम उक्त आइटमहरु अनिवार्य रुपमा गराउने व्यवस्था गर्नुपर्दछ ।

४३. १३०९-०७६।३।२७ **कर्मचारी प्रोत्साहन तथा पुरस्कार :-** नगरकार्यपालिकाको मिति २०७६ आषाढ १४ गतेको निर्णयले कर्मचारीहरुलाई रु.२,२०,०००।- देहायवमोजिम शाखाको लागि खर्च लेख्ने गरी निर्णय गरेको छ । कार्यालयको कार्य सम्पादनको सूचक निर्धारण गरी कार्य सम्पादनको आधारमा खर्च लेख्नुपर्नेमा सो वमोजिम खर्च नगरेको अनियमित खर्चलाई नियमित गर्नपर्दछ । २२००००.००

| शाखा | रकम रु. |
|---|---|

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>प्रमुख प्रशासकिय अधिकृत श्री कृष्ण वहादुर खड्का</td><td>७००००.००</td></tr>
<tr><td>प्रशासन तथा योजना शाखा</td><td>५००००.००</td></tr>
<tr><td>आर्थिक प्रशासन शाखा</td><td>५००००.००</td></tr>
<tr><td>कम्प्यूटर शाखा</td><td>५००००.००</td></tr>
<tr><td>जम्मा</td><td>२२००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.</td><td></td><td>कार्यतालिका वमोजिम कार्य नभएको :- नगरपालिकाले आफ्नो कार्य क्षेत्र भित्र ठेक्का नं. LCM/W/NCB/ISZE/०७५।७६।१ अस्पताल भवन निर्माण कार्यको लागि रु.७,६८,७४,०३७- (मू.अ.कर समेत) मा मिति २०७७।२।१२ मा सक्ने गरी २०७६।२।१३ मा सम्झौता गरेको छ । प्राकृतिक शनिदेव जे.भी. संग सम्झौता भएको उक्त कार्य निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका वमोजिम कार्य भएको छैन । आर्थिक वर्ष २०७५।७६ मा भवन तर्फ कुनै कार्य नभएको, आर्थिक वर्षको अन्तमा कम्पाउण्ड वालको कार्य गरी केही रकम भुक्तानी गरेको छ । लेखापरीक्षणको अवधि सम्म DPC सम्मको पनि कार्य नभएकोले सम्झौता अवधि भित्र कार्य सम्पन्न हुने सम्भावना न्यून रहेको छ । नगरपालिकाले आफ्नो अनुगमनको पक्षलाई प्रभावकारी वनाई सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्ने अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ ।<br><br>अस्पताल भवन</td><td></td></tr>
<tr><td>४५.</td><td>६४९-०७६।३।२०</td><td>फिल्ड तथा प्रोत्साहन भत्ता :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले आफ्नो कार्यालयवाट गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता, कार्यदक्षतापूर्ण तवरले गर्नुपर्ने व्यवस्था गरेको छ । नगर सभाको मिति २०७६।२।७ को निर्णयमा कामको चापको कारण प्राविधिक शाखाको एक सव-इन्जीनियर श्री योगेन्द्र मल्ललाई मासिक रु. ५,०००।- र ट्रिपर र जे.सी.वी. चालक लाई मासिक रु.३,५००।- फिल्ड तथा प्रोत्साहन भत्ता दिने निर्णय गरेको छ । प्राविधिक शाखावाट पटक पटक अनुगमन भत्ता भुक्तानी भै राखेको अवस्थामा नगर सभाको पछिल्लो निर्णयवाट आर्थिक वर्षको शुरुदेखिको गरी</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | रु.१,४४,०००।- भुक्तानी भएको छ । फिल्ड भत्ता, प्रोत्साहन भत्ता अतिरिक्त समयको भुक्तानी तथा अनुगमन भत्तामा एक भत्ता लिए पछि पुनः दोहोरो हुने गरी भत्ता लिने, पछिल्लो निर्णयले आ.व.को शुरु देखि खर्च लेख्ने र खर्च गर्न मिल्ने सूचक र सम्पादित कार्यको आधारमा मात्र खर्च लेख्नुपर्नेमा कुनै आधार वेगर लेखेको खर्चलाई नियमित गर्नुपर्दछ । | १४४०००.०० |
| ४६. | | **विपद व्यवस्थापन खर्च :-** नगरपालिकाले विपद व्यवस्थापन कोषको कार्यविधि तथा प्रति कार्ययोजना तयार गरी यस कोषवाट खर्च गर्नुपर्दछ । नगरपालिकाले यो वर्ष कोषको कार्यविधि तथा प्रति कार्य योजना तयार नगरी रु.३१,०२,५००।- खर्च गरेको छ । सो खर्च सम्वन्धमा निम्न व्यहोरा देखिएको छ । | |
| ४६.१ | | नगर सभाको निर्णयवाट विपद व्यवस्थापनको लागि रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा देहायवमोजिम रु.८,१५,०००।- वरावर योजनाको कन्टीन्जेन्सी छुट्याएको रकमवाट खर्च गरेको छ । जुन योजनाको रकम हो सो योजनाको लागी नियमले गरेको कार्यमा मात्र कन्टीजेन्सीको अभिलेख राखी मात्र कन्टीजेन्सीको रकम खर्च गर्नुपर्नेमा असम्वन्धित शिर्षकवाट खर्च गरेकोले सम्वन्धित शिर्षकबाट मात्र खर्च लेख्नुपर्दछ ।<br><br>भौ.नं./मिति \| वडा नं. \| रकम रु.<br>६४४-०७६।३।८ \| ७ \| २६५०००.००<br>६४५-०७६।३।८ \| ८ \| १४७५००.००<br>६४६-०७६।३।८ \| ५ \| ७५०००.००<br>६४७-०७६।३।८ \| ३ \| ३२७५००.००<br>\| \| ८१५०००.००<br><br>●उपरोक्त खर्चहरुमा कार्यालयले वितरण भर्पाई तथा प्रहरीको मुचुल्का राखेको छैन । | ८१५०००.०० |
| ४६.२ | | नगर सभाको निर्णयले मिति २०७६।२।२३ गतेको हावाहुरीवाट भएको क्षतिको मूल्यांकन नगरी पूर्ण क्षति र सामान्य क्षतिको लागि रु.१५,००,०००।- वजेट विनियोजन गरेको, कन्टीजेन्सी वाट रु.८,१५,०००।- र जिल्ला प्रशासन कार्यालयको रु.८,८५,०००।- समेत गरी रु.३२,००,०००।- खर्च गरेको छ । नगरपालिकाको र जिल्ला प्रशासन कार्यालयवाट प्राप्त रकम वाट वितरण भएको वडाहरुको स्थानीय जनताको क्षति मूल्यांकन तथा वितरण गरेको विवरणमा नछुट्याएको कारण दोहोरो हुनेगरी वितरण भएको अवस्था छ । कार्यालयले वडागत रुपमा पूर्ण क्षति, आंशिक क्षति र सामान्य क्षतिको विवरण संकलन गरी वास्तविक पिडितको पहिचान र प्रहरी कार्यालयको मुचुल्काको आधारमा वितरण | |

| | | | |
|---|---|---|---|
| | | गरेको देखिएन । जिल्ला प्रशासन कार्यालयको रकमवाट वितरण गरिएको विवरण तथा नगरपालिकाले वितरण गरेको विवरण वेग्लावेग्लै राखेको छैन । विवरणको आधारमा वडामा कार्यरत कर्मचारीलाई पेश्की रकम उपलब्ध गरी यथार्थ क्षतिको मुचुल्का तथा भर्पाईको आधारमा पेश्की फछ्र्यौट गर्नुपर्नेमा सोभ्कै कतिपयको भर्पाई प्राप्त नभएको अवस्थामा समेत खर्च लेखेको छ । वडा नं. ४ र ६ मा मात्र क्रमशः रु.८,९२,५००।- र रु.४,७०,०००।- नगरपालिका तथा जिल्ला प्रशासन तर्फ गरी खर्च भएको छ । | |
| ४६.३ | | मिति २०७६।२।२३ गतेको हावाहुरीवाट भएको क्षतिपूर्ति वितरणको लागि नगर सभाले रु. १५,००,०००।- वजेट विनियोजन गरेकोमा रु.२२,१७,५००।- खर्च भएको छ । स्वीकृत वजेट भन्दा वढी खर्च रु.७,१७,५००।- नगर सभावाट समर्थन गराउनु पर्दछ । | |
| ४७. | ६७०-०७६।३।२९ | **कन्टीजेन्सी खर्च :-** नगरपालिकाले कन्टीजेन्सीवाट भ्कोला तथा रेनकोट खरीद गरी रु. १,१४,४९२।- खर्च लेखेकोमा सो को दाखिला प्रतिवेदन तथा कस-कसलाई वुभ्काएको हो सो को पूर्ण भर्पाई संलग्न राख्नुपर्दछ । | ११४४९२.०० |
| ४८. | | **योजना अनुगमन भत्ता :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले आफ्नो कार्यालयवाट गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता, कार्यदक्षतापूर्ण तवरले गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले पदाधिकारीको लागि पारिश्रमिकमा रु.६६,६०,०००।- खर्च गरेको, पदाधिकारीको वैठक भत्तामा रु.१८,३६,०००।- खर्च गरेको अवस्थामा १० वटै वडाहरुमा २०/२० योजना अनुगमन गरेको भनि ६ जना (वडा अध्यक्ष र सदस्यहरु) पदाधिकारीले प्रति वडा रु.१,२०,०००।- को दरले रु.१२,००,०००।- योजना अनुगमन भत्ता कन्टीजेन्सी वाट खर्च लेखेको छ । आफ्नै कार्यक्षेत्र भित्र नियमित कार्य भित्र पर्ने र अन्य कुनै लागत नलाग्ने अवस्थामा अनुगमन भत्ता भुक्तानी गर्नुको कुनै आधार प्रमाण नभएकोले सो भत्ता खर्च लेख्न मिल्ने आधार पेश गर्ने अन्यथा असुल गरी स्थानीय संचित कोष दाखिला गर्नुपर्दछ । | १२०००००.०० |
| ४९. | | **नगर उद्यान घेरा पर्खाल निर्माण :-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले वीस लाख भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य गराउदा खुला वोलपत्रको माध्यमवाट गराउनुपर्ने व्यवस्था गरेको छ । नियमावलीको नियम ९७ (१) मा एक करोड रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था गरेको छ । उपभोक्ता समितिवाट निर्माण कार्य गराउदा निर्माण कार्य, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि, साठी लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान उल्लेख | |

गर्नुपर्ने व्यवस्था नियमावलीले गरेको छ । नगरपालिकाको गौरवको आयोजनाको रुपमा नगरपालिकाले मोहनलाल सामुदायिक वन नगर उद्यान निर्माण कार्य लाई अगाडी वढाएको छ । नगर सभाले यस उद्यान निर्माणको लागि रु.१,५०,००,०००।- वजेट विनियोजन गरेको छ । निर्माण कार्यको प्रारम्भ गर्नुभन्दा अगावै सो उद्यान निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन DPR (गुरुयोजना) तयार गरी निर्माण कार्य प्रारम्भ गर्नुपर्नेमा DPR (गुरुयोजना) तयार गरेको छैन । हरित नेपाल विकास प्रा.लि. संग सर्भे प्रतिवेदन लिने गरी कार्य गराई भौ.नं.६१४ मिति २०७६।३।३१ मा रु.९,८१,२२५।- भएको भुक्तानी साथ प्रतिवेदन प्राप्त भएको छैन । निर्माण कार्य प्रारम्भ अगावै विस्तृत आयोजना प्रतिवेदन तयार गरी सो प्रतिवेदनको विश्लेषण साथ कार्यपालिकाले स्वीकार गरी कार्यालयमा प्रतिवेदन दाखिला गरी निर्माण कार्य प्रारम्भ गर्नुपर्नेमा प्रतिवेदन प्राप्त नहुँदै सामुदायिक वन उपभोक्ता समिति संग कार्य गराएको छ । कार्यपालिकाको मिति २०७५।१२।२२ गतेको निर्णयले वडा नं. २ र ५ मा एउटै सामुदायिक वन उपभोक्ता समिति भित्र दुई उपभोक्ता समिति मार्फत प्रति ल.ई. रु.८३,१४,९३५।- को दुई वटा लागत अनुमान तयार गर्न लगाई एउटै सामुदायिक वन क्षेत्रभित्र रु.१,३३,००,०००।- को कार्य उपभोक्ता समिति मार्फत कार्य गराएको छ । लागत अनुमानमा नियमावलीले गरेको व्यवस्था वमोजिम उपभोक्ता समितिले गर्ने कार्यको प्रत्येक इकाईमा हुने योगदानको अंश खुलाएको छैन । एउटै क्षेत्रमा दुई उपभोक्ता समितिवाट गराएको कार्यको लागत अनुमानमा कुन कुन कति क्षेत्रफल कुन उपभोक्ता समिति भित्र पर्ने सो को विस्तृत विवरण, क्षेत्रफल छुट्याएको समेत छैन । यही क्षेत्रमा सोही कार्य आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकावाट ९९० मि. कार्य भएको नगरपालिकाको प्राविधिक प्रतिवेदनमा उल्लेख छ । साथै यस आ.व.२०७५।७६ मा डिभिजन वन कार्यालय पहलमानपुर कैलाली वाट नगर उद्यान निर्माण लम्कीचुहा नगरपालिका वडा नं. २ र ५ को लागि रु.१८,००,०००।- वजेट विनियोजन गरी रु.१४,४०,०००।- को कार्य भएको छ । सो कार्य २०७५ चैत्र मसान्त सम्म कार्यसम्पन्न भएको प्रतिवेदन पेश भएको छ । नगरपालिकाले एउटै ठाउँमा विभिन्न वर्ष र विभिन्न श्रोतवाट भएको कार्यको स्पष्ट अभिलेख राखेको छैन । स्पष्ट कार्यक्षेत्र नछुट्याएकोले निर्माण कार्यमा दोहोरो भुक्तानी भएको छ ।

एउटै कार्य, एउटै कार्यक्षेत्र भित्र, एकै प्रकृतिको कार्य, योजना एउटैको लागि वजेट व्यवस्था भएकोमा एउटै लागत अनुमान तयार गरी लागत अनुमानको कुल अंकको आधारमा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ वमोजिम वढी भन्दा वढी प्रतिस्पर्धा गराई कार्य गराएको अवस्थामा मितव्ययी रुपमा कम लागतमा वढी कार्य गराउन सक्ने अवस्था देखिन्छ । सार्वजनिक खरीद ऐन २०६३ को दफा ९ वमोजिम सार्वजनिक निकायले सम्भव भए सम्म खुला रुपमा वोलपत्रको आह्वान गरी कार्य गराउनु पर्ने व्यहोरा उल्लेख गरेकोमा नगरपालिकाले सो ऐनको मनसाय वमोजिम कार्य नगराई एउटै ठेक्का प्रक्रियावाट कार्य गराउन सकिनेमा दुई टुक्रामा लागत अनुमान

<table>
<tr><td></td><td></td><td>तयार गरी आर्थिक वर्षको अन्तमा सम्झौता गरी कार्य गराएको छ । नगर सभाको निर्णयवाट आर्थिक वर्षको शुरुमै वजेटको व्यवस्था भएको र आर्थिक वर्षको शुरुमै ठेक्का व्यवस्थापन गरी कार्य गराएको अवस्थामा गुणस्तरीय कार्य हुने अवस्थामा आर्थिक वर्षको अन्तमा हतारमा उपभोक्ता समिति मार्फत कार्य गराउदा गुणस्तरीय कार्य हुने अवस्था रहने देखिदैन । आर्थिक वर्षको अन्तसम्ममा भएको कार्यमा अनुगमन समितिले समेत केही कैफियत उल्लेख गरेवाट गुणस्तरीय कार्य भएको छैन भन्न सकिने अवस्था देखिन्छ । उद्यानको उचाई ३.७५ फिट मात्र राखेको कारण नगर उद्यानको घेरा पर्खाल निर्माण वाट सो उद्यान पूर्ण सूरक्षा हुनेमा पनि विश्वस्त हुन सकिदैन । सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम एउटै ठेक्का व्यवस्थापनवाट गर्न सकिनेमा टुक्रा गरि कार्य गराएको, नगर सभाको निर्णयलाई कार्यपालिकाले टुक्राएको, कार्य सम्पादनमा प्रतिस्पर्धा गर्ने वातावरण तयार नगरेको, अनुगमन समितिको अनुगमन प्रतिवेदन समेत नभएको अवस्थामा भएको भुक्तानी रु.१,१८,७५,३९६।- लाई नियमित गर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं. /मिति</td><td>उपभोक्ता समिति</td><td>रकम रु.</td></tr>
<tr><td>६११-०७६।३।३१</td><td>नगर उद्यान मोहन लाल सामुदायिक वन उपभोक्ता समिति</td><td>५९३१३५१.००</td></tr>
<tr><td>६११-०७६।३।३१</td><td>नगर उद्यान मोहन लाल सामुदायिक वन उपभोक्ता समिति</td><td>५९४४०४५.००</td></tr>
<tr><td></td><td></td><td>११८७५३९६.००</td></tr>
</table></td><td>११८७५३९६.००</td></tr>
<tr><td>५०.</td><td>१५५-०७५।११।२६</td><td>स्कुल वस खरीदः- नगरपालिकाले इस्टर्न एजेन्सी प्रा.लि. संग मिति २०७५।८।१७ मा सम्झौता गरी रु. २७,५०,०००।- मा स्कुल वस खरीद गरी लम्कीचुहा बहुमुखी क्याम्पसलाई हस्तान्तरण गरेको छ । वस खरीद कार्यको लागत अनुमान नवनाएको तथा खरीद कार्यमा मूल्याङ्कन समिति गठन गरेको पाईएन । मूल्याङ्कन समितिको माइन्यूटमा ३ वटा वैठक वसेकोमा प्रमुख प्रशासकिय अधिकृतको मात्र सही रहेको छ । एकल निर्णयको आधारमा खरीद कार्य अगाडी वढेको देखिन्छ । वस सप्लायर्स पाटी इस्टर्न एजेन्सी प्रा.लि. वस उत्पादक कम्पनीको आधिकारिक एजेन्ट हो होइन सो सम्बन्धि पत्र संलग्न नभएको तथा क्याम्पसलाई हस्तान्तरण फाराममा वुझाई क्याम्पसवाट दाखिला प्रतिवेदन लिनुपर्नेमा सो समेत लिई राखेको छैन ।</td><td></td></tr>
<tr><td>५१.</td><td></td><td>अधुरो भवनः- नगरपालिकाको हाताभित्र गत विगत वर्षहरुमा प्रारम्भ भै निर्माणाधिन रुपमा २ भवन रही रहेको छ । अपाङ्गमैत्री सचेतना समाजको लागि वनाएको भवन र महिला संजाल अन्तर्गत वनाएको २ भवन अधुरो रुपमा रहेको छ । आर्थिक वर्ष २०७५।७६ तथा २०७६।७७ मा समेत रकम विनियोजन नभएको अवस्थामा उक्त संरचनाको निर्माण कार्य पुरा गर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | <br><br>अपाङ्गमैत्री भवन महिला सञ्जालको भवन | |
| ५२. | ६५२-०७६।३।२६ | **राजपत्र छाप्ने मेशिन :** नगरपालिकाले झरना कम्प्यूटर्स ट्रेनिङ्ग सर्भिसेज प्रा.लि. अनामनगर काठमाडौं संग रु.४,९०,४२०।- मा RICOH D*2430 Copier Machine ( राजपत्र छाप्ने मेशिन) र सो मा लाग्ने Colour Drum खरीद गरी भुक्तानी गरेको छ । कार्यालयले खरीद गरेको उक्त मेशिन तथा सो को मूल्य सम्बन्धित कम्पनी र सोही specification को website मा अवलोकन गर्दा मेशिनको मूल्य रु. १,००,०००।- र Colour Drum को मूल्य रु.७६,४२८।- मू.अ.कर वाहेक पर्ने देखिएकोमा कार्यालयले मेशिनलाई र २,८४,०००।- र Colour Drum लाई रु.१,५०,०००।- गरी रु.४,३४,०००।- (मू.अ. कर वाहेक) मा खरीद गरेको देखिएकोले सो सम्बन्धमा वजार मूल्य भन्दा वढीमा खरीद गरे नगरेको एकिन गर्नुपर्दछ । | ४९०४२०.०० |
| | | **शिक्षा तर्फः** | |
| ५३. | | **बढी निकासाः** राष्ट्रिय मा.वि वेल्चौरमा कार्यरत शिक्षक परमेश्वर राज कार्की मिति २०७५।१०।८ वाट अनिवार्य अवकाश भएकोमा निजलाई दोश्रो चौमासिकमा निकासा | |

| | | | |
|---|---|---|---|
| | | दिदा माघ महिनाको १० गते सम्मको मात्र निकासा दिनुपर्नेमा माघ महिनाको पुरै निकासा दिएको देखिएकोले १९ दिनको वढी निकासा हुन गएकोले मासिक रु. ३१,६९५।- ले हुने १९ दिनको रु.२०,०७३।- असूल गर्नुपर्दछ । | २००७३.०० |
| ५४ . | | **लागत अनुमानमा मू.अ.कर :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ १(क) उपनियम (१) मा एक करोड रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, कन्टीजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले पूर्वाधार कार्यक्रम अन्तर्गत राष्ट्रिय नमुना मा.वि. भवन निर्माणका लागी नगरपालिकावाट रु.८८,००,०००।- कन्टीजेन्सी रु.२,२०,०००।- उपभोक्ता समितिको अंश रु.९,७७,९७९।- गरी मुल लागत अनुमान ९९,९७,८७९।- कायम गरिएको छ । तर लागत अनुमानमा मूल्य अभिवृद्धि करको अंश कति हो देखाएको छैन । मूल्य अभिवृद्धि करको अंश नदेखाउदा लागत अनुमान एक करोड भन्दा वढी हुन जाने देखिन्छ । जसको कारण सो कार्य उपभोक्ता समितिवाट गराउन नपाउने कानुनी व्यवस्था रहेकोमा लागत अनुमानमा मूल्य अभिवृद्धि कर सहितको अंश देखाउनुपर्ने देखिन्छ । | |
| ५४ .१ | | **कार्यसम्पन्न प्रतिवेदन :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट प्रकाशित कार्यक्रम कार्यान्व्यिन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. ८.२.३.३१.१० (ञ) मा स्थानीय तहले विधालयमा भए गरेका निर्माण कार्यका कागजातका (भौतिक सर्वेक्षण फाराम, मूल्यांकन प्रतिवेदन, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा विद्यालयको प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, विद्यालय निर्माण समितिको अध्यक्ष तथा कार्यालय प्रमुखले प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले राष्ट्रिय नमुना मा.वि. लाई रु.८८,००,०००।- निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | ८८०००००.०<br>० |
| ५५ . | | **अनुगमन प्रतिवेदन :-** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट प्रकाशित कार्यक्रम कार्यान्व्यिन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. २.१५.११.७७७ अनुसार तोकिएका विद्यालयहरुलाई कक्षा १ देखि ५ सम्म अध्ययनरत वालवालिकाहरुको लागि विद्यालयगत तथ्यांकका आधारमा दैनिक रु.१५।- का दरले १८० दिनको रकम दिवा खाजा वापत भुक्तानी गर्ने व्यवस्था रहेको छ । यस वर्ष दिवा खाजा वापत रु.४०,१३,०४३।- विभिन्न विद्यालयमा निकासा भएकोमा रकम सम्वन्धित वालवालिकाहरुले पाए पाएनन सो को अनुगमन गर्नुपर्दछ । | |
| ५५ .१. | | शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट प्रकाशित कार्यक्रम कार्यान्व्यिन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. ८.५.१४.२३ मा तोकिएको विद्यालयलाई प्राविधिक धारको रुपमा निकासा दिन सकिने व्यवस्था रहेको छ । नगरपालिकाले प्राविधिक धार संचालनका लागि ल्याव व्यवस्थापन अनुदानका स्वरुप जन जागृति मा.वि.लाई रु.१०,८०,०००।- दिएकोमा उक्त रकम सोही काममा खर्च भयो | १०८००००.० |

| | | | |
|---|---|---|---|
| | | भएन सो को अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । | ० |
| ५६. | २६०-०७६।३।३० | **भर्पाई पेश गर्नुपर्ने :-** आर्थिक वर्षको अन्तमा प्रारम्भिक वाल विकास /पूर्व प्राथमिक कक्षाका सहजकर्ता तथा विधालयका कर्मचारीहरुलाई विभिन्न विधालयहरुमा पोशाक खर्च वापत रु.१३,७०,०००।- निकासा दिएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा निकासा दिनु र सो रकम प्रारम्भिक वाल विकास /पूर्व प्राथमिक कक्षामा कार्यरत सहजकर्ताहरुलाई के कुन आधारमा निकासा सो नखुलेको र निजहरुले वुझे नवुझेको एकिन गर्न गर्नुपर्दछ । | १३७००००.०० |
| ५७. | ३३-०७५।१०।२७ | **भर्पाई पेश गर्नुपर्ने :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा सरकारी रकम खर्च गर्दा विल भर्पाई समेत लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्न अनुसारका कर्मचारीहरुले अनुगमन तथा मूल्यांकन वापत रु. ७६,५००।- रकम वुझेको भर्पाई पेश गर्नुपर्दछ ।<br><br>नाम — रकम रु.<br>दशरथ वुढा — ३८,२५०।-<br>तप्त राज  उपाध्याय — ३८,२५०।- | ७६५००.०० |
| ५८. | ९३७-०७६/२/११ | **अनुगमन प्रतिवेदन :-** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नम्बर २.१५.११.६३६ मा अनुमति प्राप्त गरि सञ्चालनमा रहेका र कुनै पनि दरबन्दि वा राहत अनुदान कोटामा नपरेका बिद्यालयलाई शिक्षक ब्यबस्थापन गर्नका लागि अनुदान दिन सकिने ब्यबस्था छ । बिद्यालयका शिक्षक बिद्यार्थी अनुपातका आधारमा निजि स्रोतका शिक्षक नियुक्त गर्नु पर्नेमा एकमुस्ट अनुदान दिएकाले सम्बन्धित बिद्यालयलाई थप शिक्षक आबश्यक पर्ने किसिमको फ्लास रिपोर्ट र स्वीकृत शिक्षक दरबन्दि सहितको शिक्षक बिद्यार्थी अनुपातः शिक्षक दरबन्दि नभएका बिद्यालयका बिद्यार्थि संख्या, शिक्षक नियुक्तिको प्रमाण र तलब बुझाएको प्रमाण पेश हुनु पर्ने ब्यबस्था रहेकोमा कार्यालयले यो बर्ष नगर भित्रका ३८ बिद्यालयहरुलाई कुनै आधार बेगर रु ३००००००।०० निकासा गरेको देखिएकोले सो को अनुगमन गर्नुपर्ने देखिन्छ । | |
| | | **सामाजिक सूरक्षा तर्फः-** | |
| ५९. | | **निकासा :-** सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४ सि.नं. १६ मा तेश्रो चौमासिक जेष्ठको १ गते देखि दोश्रो हप्ताभित्रमा निकासा गरिसक्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले २०७६।३।२३ मा तेश्रो चौमासिक निकासा दिएको कार्यमा कार्यविधिको पालना भएको देखिदैन । | |
| ६०. | | **मृत्यू भैसकेकोलाई भत्ता :-** सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ मा कुनैपनि व्यक्तिलाई सामाजिक सूरक्षा भत्ता वितरण गर्दा दोहोरो नहुने गरी र मृत्यू भएका व्यक्तिहरुको लगत कट्टा गरी राख्नुपर्ने व्यवस्था रहेको छ । तर नियमानुसारका मृत्यू | |

<table>
<tr><td></td><td></td><td>भैसकेपछि पनि भत्ता निकासा भएकोले उक्त रकम असूल गर्नुपर्दछ ।<br>
<table>
<tr><td>मृत्यू भएको व्यक्तिको नाम</td><td>वडा नं.</td><td>मृत्यू भएको मिति</td><td>निकासा चौमासिक</td><td>निकासा रकम रु.</td></tr>
<tr><td>दान सिंह माझी</td><td>४</td><td>२०७५।९।२५</td><td>तेश्रो चौमासिक</td><td>१२०००.००</td></tr>
<tr><td>फुलमति देवी डंगौरा</td><td>६</td><td>२०७५।७।१३</td><td>दोश्रो चौमासिक</td><td>१६०००.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२८०००.००</td></tr>
</table></td><td>२८०००.००</td></tr>
<tr><td>६१.</td><td></td><td>निकासा फिर्ता :- सामाजिक सूरक्षा भत्ता वैकिङ्क प्रणाली मार्फत भुक्तानी भएको छ । नगरपालिकाले सामाजिक सूरक्षा भत्ता प्रत्येक वडा मार्फत निकासा दिने र वडा कार्यालयहरुको मृत्यू भएका, नयाँ थपिएका तथा अन्य कारणवाट अलग भएमा तिनिहरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा रेकर्ड व्यवस्थित राखेको छैन । जसका कारण सामाजिक सूरक्षा भत्ता वितरण प्रणाली प्रभावकारी हुन सकेको छैन भने वैङ्कले लाभग्राहीहरुको खातामा जम्मा गरिसकेपछि कुनै कारणवाट वाकी रहेमा सो रकम अनिवार्य फिर्ता गर्ने तर्फ पनि नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td></td><td><u>कृषि तर्फ</u></td><td></td></tr>
<tr><td>६२.</td><td>६९-०७५।११।५</td><td>कार्य प्रगति :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा सरकारी रकम खर्च गर्दा विल भर्पाई समेत लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले च्याउ उत्पादन तथा टहरा निर्माण कार्यका लागि नम्रता अधिकारी लाई रु. ४,००,०००।- भुक्तानी दिएकोमा निजले उक्त रकम १० कृषक समूहलाई वितरण गरेको देखियो । च्याउ खेती उत्पादन तथा टहरा निर्माण भयो भएन एकिन गर्न नसेकिएकोले सो को प्रमाण पेश गर्नुपर्दछ ।</td><td>४०००००.००</td></tr>
<tr><td></td><td></td><td><u>आम्दनी तर्फः</u></td><td></td></tr>
<tr><td>६३.</td><td></td><td>नदीजन्य पदार्थ(ढुङ्गागिटी वालुवा) को ठेक्का व्यवस्थापनः- नगरपालिकाले यो वर्ष नदीजन्य पदार्थ (ढुंगा, गिट्टी,वालुवा,भरान माटो) संकलन गर्नको लागि रेखा निर्माण सेवा लम्कीचुहा २ कैलाली संग मू.अ.कर वाहेक रु.१,७१,५१,०००।- मा ठेक्का व्यवस्थापन हुनेगरी मिति २०७५।६।२८ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार रेखा निर्माण सेवाले प्रथम किस्ता रु. ५०,००,०००।- तत्कालै वुझाउनेगरी सम्झौताको अवधिमा वुझाएको छ । दोश्रो किस्ता वापतको रकम मिति २०७५पौष मसान्तसम्म रु. ६०,००,०००।- र वाकी रहेको रु. ६१,५१,०००।- चैत्र मसान्तसम्म वुझाउने गरी सम्झौताको सि.नं. ५ मा उल्लेख भएकोमा सो निर्माण सेवाले दोश्रो किस्ताको रकम रु.५०,००,०००।- मिति २०७६।१।२४ मा दाखिला गरेको छ भने रकम रु.६१,५१,०००।-</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | मिति २०७६।४।२ मा मात्र दाखिला गरेको देखिन्छ । जुन सम्झौता अनुसार रकम वुझाएको देखिदैन । | |
| ६३.१ | | **मूल्य अभिवृद्धि कर जम्मा नगरेको:-** सम्झौता अनुसार रोयल्टी उठाउने ठेक्का पाएको रेखा निर्माण सेवाले प्रथम किस्ता रोयल्टी रकम वुझाईसकेपछी मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजस्व कार्यालयमा वुझाई सो को प्रमाण नगरपालिकामा दिनुपर्ने र सम्झौताको सि.नं.६ मा ठेक्का वापत दोश्रो पक्षले पहिलो पक्षलाई सम्झौता वमोजिम किस्ता भुक्तानी गर्दाको वखत किस्तामा उल्लेख भए वरावरको रकमको मू.अ.कर रकम वुझाएको प्रमाण पेश गर्नुपर्दछ । नगरपालिकाले लगाएको उपरोक्त ठेक्कामा मूल्य अभिवृद्धि कर ऐन २०५२ वमोजिम ठेक्का अंकमा १३% का दरले मू.अ.कर असूल नगरेको र दाखिला भएको प्रमाण समेत प्राप्त नभएकोले ठेक्का अंक रु.१,७१,५१,०००।- को १३% ले हुन आउने रु.२२,२९,६३०।- आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नपर्दछ । | २२२९६३०.०० |
| ६३.२ | | यस वर्ष नगरपालिकाले रोयल्टी उठाउनका लागी रेखा निर्माण सेवा संग मिति २०७५।६।२६ मा सम्झौता गरेको छ । सम्झौता अनुसार कर्णाली,पथरैया,रोरा,चोरी,धोविनी,चरेला नदीहरुवाट क्रमश: ३५०००, २४००, ७९०१०, ६७०५०, २९६९० र ९०४६० (ढुंगा, गिट्टी,वालुवा,भरान माटो) घन मी. मात्र संकलन गर्ने गरी सम्झौता भएकोमा कुन कुन नदीहरुवाट के कति परिमाणमा नदीजन्य पदार्थ संकलन गरियो सो को अभिलेख नगरपालिकाले राखेको छैन । नदीजन्य पदार्थ संकलन गरी रोयल्टी उठाउदा IEE ले निर्दिष्ट गरे अनुसारको काम भयो भएन, दररेट फरक पारी रोयल्टी उठाएको नउठाएको र तोकिए भन्दा वढी नदीजन्य पदार्थ संकलन गरे नगरेकोमा नगरपालिकाद्वारा कुनै अनुगमन गरि रिपोर्ट दिएको पाइएन । | |
| ६३.३ | | **प्रदेश संचित कोषमा दाखिला नगरेको:-** प्रदेश सरकारको आर्थिक ऐन, २०७५ को दफा ५ र ६ मा विज्ञापन कर तथा दहत्तर वहत्तर शुल्क तथा कर स्थानीय तहले संकलन/असूलउपर गर्न सक्ने व्यवस्था गरेको छ । सो ऐनको उक्त दफा वमोजिम संकलित कर रकमको साठी प्रतिशत हुन आउने रकम सम्बन्धित नगरपालिकाको संचित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले यो वर्ष विज्ञापन कर र दहत्तर वहत्तर तर्फ गरी रु.१,७३,०९,३३०।- संकलन गरेकोमा सो को ४० प्रतिशतले हुने रकम रु.६९,२३,७३२।- प्रदेश संचित कोषमा पठाउनुपर्नेमा नपठाएकोले उक्त ऐन वमोजिम उक्त रकम प्रदेश संचित कोषमा पठाउनुपर्दछ । | ६९२३७३२.०० |
| ६४. | | **वसपार्कको आय कम दाखिला:-** कार्यालयको अभिलेख बमोजिम वस पार्कको आम्दानी रु.८,४२,११०।- प्राप्त भएकोमा रु.७,९६,७००।- मात्र दाखिला भएकोले नपुग रु.४५,४१०।- स्थानीय संचित कोषमा जम्मा गर्नपर्दछ । | ४५४१०.०० |

| | | | |
|---|---|---|---|
| ६५. | | **आन्तरिक लेखापरीक्षण सम्वन्धमा :-** स्थानयि सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षण वाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले सो वमोजिम सम्परीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षण वाट कायम भएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन । अन्य सैद्धान्तिक व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको लगत राखी फछ्र्यौट गर्नुपर्दछ । | ६२१००.०० |

| सि.नं. | आ.ले.प. दफा | व्यहोरा | रकम |
|---|---|---|---|
| १ | २१ | करकट्टी नभएको सव-इ. श्री योगेन्द्र मल्लको रु.९,०००।-, टिपर चालक घनश्याम न्यौपानेको रु.६,३००।- र जे.सी.वी. चालक श्री सालिकराम थारुको रु.६,३००।- गरी रु.२१,६००।- असूल गरी दाखिला गर्नुपर्ने रु...... | २१६००.०० |
| २ | २३ | स्वास्थ्य सेवा कार्यक्रम तर्फका विभिन्न कर्मचारीहरुको प्रोत्साहन भत्ता भुक्तानी गर्दा १५ प्रतिशत करकट्टी नगरी भुक्तानी गरेकोले असूल गरी दाखिला गर्नुपर्ने रु..... | ३३०००.०० |
| ३ | २३ | स्वास्थ्य सेवाका १७ जना कर्मचारीहरुलाई रु.२,९४१।- का दरले रु.५०,०००।- भुक्तानी गरेकोमा १५ प्रतिशत करकट्टी नगरी भुक्तानी गरेकोले असूल गरी दाखिला गर्नुपर्ने रु..... | ७५००.०० |
| | | | ६२१००.०० |

**सम्परीक्षण :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७४।७५ को रु.२,६३,८६,४११।- फछ्र्यौट गरी पेश गरेकोमा देहाय बमोजिमको रु.२९१८९८६.०० सम्परीक्षण भएको छ ।

| सि.नं | दफा | बिबरण | रकम |
|---|---|---|---|
| १ | ४२ (ख) | रकम असुली र दाखिला भई आएकोले सम्परीक्षण भएको | ७१९०.०० |
| २ | ५६ | रकम असुली र दाखिला भई आएकोले सम्परीक्षण भएको | ३११०७.०० |
| ३ | ५७ | भपाई पेश भइ आएकोले सम्परीक्षण भएको | १८५०००.०० |
| ४ | ५७ (ख) | सभाबाट नियमित भई आएकोले सम्परीक्षण भएको | १४७२५५०.०० |
| ५ | ५९ | विल भर्पाइ सहित नियमित भइ आएकोले सम्परीक्षण भएको | १०००००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६ | ६६ | आवश्यक प्रमाण तथा सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | ११४८००.०० | |
| | | ७ | ६७ | रकम असुली र दाखिला भइ आएकोले सम्परीक्षण भएको | ४५००.०० | |
| | | ८ | ७२ | आवश्यक प्रमाण तथा सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | ९९७१०.०० | |
| | | ९ | ७५ | आवश्यक प्रमाण तथा सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | ५००५००.०० | |
| | | १० | ७७ | रकम असुली र दाखिला भइ आएकोले सम्परीक्षण भएको | ६१६६.०० | |
| | | ११ | ८१ | आवश्यक प्रमाण तथा सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | १५००००.०० | |
| | | १२ | ८२ | सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | २८०००.०० | |
| | | १३ | ८३ | सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | १९७००.०० | |
| | | १४ | ८७ | सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | २०३००.०० | |
| | | १५ | ९० | आवश्यक प्रमाण तथा सभाबाट नियमित भइ आएकोले सम्परीक्षण भएको | १७९४६३.०० | |
| | | | | जम्मा | २९१८९८६.०० | |

**नगरपालिकाको सञ्चित कोष विवरण** **अनुसूची १**

**२०७५।७६** (रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | लम्कीचुहा नगरपालिका | कैलाली | ३५८२२ | १९१७९३ | ५४२१८४ | ३२६६० | ७६६६३७ | ४३७६५३ | २५५६०० | ३२६६० | ७२५९१३ | ७६५४६ |

**अनुसूची २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

**२०७५।७६** रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गनुंपनें | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | लम्कीचुहा नगरपालिका | ३७ | २८ | ८८१५६ | ० | ० | ० | ३७ | २८ | ८८१५६ | ३८५९ | २३१२३ | २७६६८ | ० | ० | ५०७९१ | ० | ३३५०६ | ३३५०६ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | लम्कीचुहा नगरपालिका | कैलाली | ४५५५३ | २९१९ | ४२६३४ | २३४६७ | ८८१५६ | १५४२५७ |